राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम तयार पारिएको

## विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण

**विधेयकको नामः संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९**

**संशोधनको सूचना दर्ता गर्ने माननीय सदस्यहरू (दर्ताक्रम अनुसार):**

| दर्ता नं. | संशोधन प्रस्तावकर्ता | दर्ता नं. | संशोधन प्रस्तावकर्ता |
|---|---|---|---|
| ०१. | मा. भुवन बहादुर सुनार | ०२. | मा. डा. बेदुराम भुसाल, मा. गोपीबहादुर सार्की आछामी, मा. गोमादेवी तिमल्सिना, मा. घनश्याम रिजाल, मा. तारामान स्वार, मा. नर बहादुर विष्ट, मा. मदन कुमारी शाह (गरिमा), मा. राजेन्द्र लक्ष्मी गैरे, मा. राधेश्याम पासवान, मा. रेनु चन्द, मा. विष्णु बहादुर विश्वकर्मा, मा. सावित्री मल्ल र मा. सुरेश कुमार आले मगर |

संशोधन प्रस्तावको विवरण (दफाक्रमानुसार मिलाइएको)

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १ | (१) | | | यस उपदफालाई संशोधन गरेको प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन (यसपछि "प्रतिवेदन" भनिएको) को बुँदा १ मा रहेका "२०८१" भन्ने अङ्कहरूको सट्टा "२०८२" भन्ने अङ्कहरू राख्नु पर्ने। |
| २. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २ | | | | मूल ऐनको दफा ६ को सट्टा प्रस्तावित दफा ६ को,-<br>• उपदफा (९) प्रतिवेदन अनुसार मिलाउँदा कायम हुने उपदफा (८) मा रहेका "कम्तीमा पचास प्रतिशत" भन्ने शब्दहरूको सट्टा "बहुसंख्यक" भन्ने शब्द राख्नु पर्ने। |

२१५८६।०९

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | • उपदफा (१०) प्रतिवेदन अनुसार मिलाउँदा कायम हुने उपदफा (९) मा रहेका "कम्तीमा पचास प्रतिशत" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| ३. | मा. भुवन बहादुर सुनार | २ | | | | मूल ऐनको दफा ६ को सट्टा प्रस्तावित दफा ६ को उपदफा (१३) पछि देहायको उपदफा (१४) थप्नु पर्नेः- "(१४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को बैठकको निर्णय सर्वसम्मतीमा हुनेछ र सर्वसम्मत हुन नसकेमा बहुमतबाट निर्णय गरिनेछ।" |

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०७ को उपनियम (२) बमोजिम क.सं. १ देखि ३ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत।

(नारायण प्रसाद दाहाल)
अध्यक्ष, राष्ट्रिय सभा

मितिः २०८२।०१।३०